**Series G7DEF** **SET-4**

प्रश्न-पत्र कोड
Q.P. Code **17**

रोल नं.
Roll No. | | | | | | | | |

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

**नोट**

*(I)* *कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **11** हैं।*

*(II)* *प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए प्रश्न-पत्र कोड को परीक्षार्थी उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।*

*(III)* *कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **11** प्रश्न हैं।*

*(IV)* ***कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, उत्तर-पुस्तिका में यथा स्थान पर प्रश्न का क्रमांक अवश्य लिखें।***

*(V)* *इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है । प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा । 10.15 बजे से 10.30 बजे तक परीक्षार्थी केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।*

**NOTE** [ ]

*(I)* *Please check that this question paper contains **11** printed pages.*

*(II)* *Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.*

*(III)* *Please check that this question paper contains **11** questions.*

*(IV)* *Please write down the Serial Number of the question in the answer-book at the given place before attempting it.*

*(V)* *15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the candidates will read the question paper only and will not write any answer on the answer-book during this period.*

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* *Maximum Marks : 80*

***General Instructions :***

*(i)* *This question paper is divided into **2** parts.*

*(ii)* *It has total **11** questions.*

*(iii)* ***Part One** : **3** questions no. **1** to **3**.*

*(iv)* ***Part Two** : **8** questions no. **4** to **11**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* *यो प्रश्नपत्रलाई **दुई** भागमा बाँड़िएको छ।*

*(ii)* *यस प्रश्नपत्रमा जम्मा **11** (एघार) वटा प्रश्नहरू छन्।*

*(iii)* *भाग एकमा **3** (तीन) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **1** (एक) देखि प्रश्न संख्या **3** (तीन) प्रश्न संख्या सम्म राखिएको छ।*

*(iv)* *भाग दुइमा **8** (आठ) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **4** देखि **11** प्रश्न संख्या सम्म राखिएको छ।*

*विशेष निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख्नुहोस्।*

*उत्तर दिन अघि उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्नुहोस्।*

**भाग एक**

**(अपठित गद्यांश)**

**(बहुवैकल्पिक प्रश्नहरू)**

**1.** निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस्। *5×1=5*

भानुभक्त आचार्यको जन्म पश्चिम नेपालको गण्डकी अञ्चल अवस्थित तनहुँको चुदी बेँसीको रम्घा भन्ने गाउँमा एक सम्पन्न परिवारमा भएको थियो। वि.सं. १८७१ को आषाढ़ २९ गतेको दिन माता धर्मवती देवी अनि पिता धनञ्जय आचार्यका पुत्रको रुपमा जन्मेका भानुभक्त आचार्यको शिक्षा आफ्नै पितामह/हजुरबुबा श्रीकृष्ण आचार्यबाट नै भएको थियो। उनका हजुरबुबा एक सम्पन्न परिवारका शिक्षित पण्डित थिए। वि.सं. १८८५मा भानुभक्त आचार्यको विवाह तनहुँ निवासी विद्याधर खनालकी सुपुत्री चन्द्रकला देवीसँग भयो। यिनका एकमात्र सन्तानको नाम रमानाथ आचार्य थियो। वि.सं. १९०७-१९०९ सम्म यिनले पाल्पामा खरदारमा नियुक्ति पाएका थिए।

भानुभक्तले वि.सं. १८९८मा बालकाण्ड लेखे । वि.सं १९०९मा उनको गिरीधारी भाटसँग जमीनको विवाद हुँदा उनी छ महिनाको निम्ति कुमारीचोकमा थुना परे । त्यस समय उनले बालकाण्ड (संशोधित रूप, अयोध्याकाण्ड, अरण्यकाण्ड, किश्किन्धाकाण्ड तथा सुन्दरकाण्ड लेखिसिध्याए । त्यसको दुईवर्षपछि युद्ध र उत्तरकाण्ड लेखे । यसका अतिरिक्त उनले बधुशिक्षा, प्रश्नोत्तरमाला, भक्तमाला जस्ता कृतिहरू रचना गरेका छन् । वि.सं १९२६मा मृत्यु भएका यिनलाई नेपाली साहित्यमा चिनाउने कार्य मोतीराम भट्टले गरेका हुन् ।

(i) भानुभक्त आचार्यको जन्म कहाँ भएको थियो ?

(A) नेपालको गण्डकी अञ्चल अवस्थित तनहुँको चुँदी बेँसीको रम्घामा ।

(B) भारतको गण्डकी अञ्चल अवस्थित तनहुँको चुँदी बेँसीको रम्घामा ।

(C) आसामको गण्डकी अञ्चल अवस्थित तनहुँको चुँदी बेँसीको रम्घामा ।

(D) सिक्किमको गण्डकी अञ्चल अवस्थित तनहुँको चुँदी बेँसीको रम्घामा ।

(ii) भानुभक्त आचार्यको पितामहको नाम के थियो ?

(A) धनञ्जय आचार्य ।

(B) श्रीकृष्ण आचार्य ।

(C) मोतीराम भट्ट ।

(D) धर्मवती देवी ।

(iii) रमानाथ आचार्यको माता-पिताको नाम के थियो ?

(A) धनञ्जय आचार्य र धर्मवती देवी ।

(B) भानुभक्त आचार्य र धर्मवती देवी ।

(C) भानुभक्त आचार्य र चन्द्रकला देवी ।

(D) धनञ्जय आचार्य र चन्द्रकला देवी ।

(iv) गिरीधारी भाटसँगको विवादबाट जेलपर्दा भानुभक्तले रामायणको कुन-कुन काण्ड लेखेर सिद्ध्याए ?

(A) बालकाण्ड (संशोधित रूप)।

(B) अयोध्याकाण्ड, अरण्यकाण्ड।

(C) बालकाण्ड (संशोधित रूप), किश्किन्धाकाण्ड, युद्धकाण्ड, उत्तरकाण्ड।

(D) बालकाण्ड (संशोधित रूप), अयोध्याकाण्ड, अरण्यकाण्ड, किस्किन्धाकाण्ड, सुन्दरकाण्ड।

(v) वि.सं. १९२६ सालमा मृत्यु भएका भानुभक्तलाई नेपाली साहित्यमा कसले परिचित गराएका थिए ?

(A) धनञ्जय आचार्य।

(B) मोतीराम भट्ट।

(C) गिरीधारी भाट।

(D) श्रीकृष्ण आचार्य।

**2.** निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस्। *5×1=5*

नटिप्नु हेर कोपिला
नचुड़्नु पाप लाग्दछ
नच्यात्नु फूल नानी हो
दया र धर्म भाग्दछ।
नछोप्नु है चरी बरी
सराप आँसु लाग्दछ
नमार्नु ज्यान है कुनै
बसेर काल जाग्दछ॥
हिलो नखेल्नु फोहोरी
खराब दाग लाग्दछ
न चित्त है दुखाउनु
डसेर आँसु बग्दछ।
जतातते छ ईश रे
छ सुन्नु त्यो विचार रे
छकाउने लुकाउने
न राख भाव क्यै गरे।

(i) कविले फूल च्यात्यो भने के हुन्छ भनेका छन् ?

(A) सराप आँशु लाग्दछ।

(B) फूलको बोट फूलविहीन हुन्छ।

(C) दया र धर्म जाग्दछ।

(D) दया र धर्म भाग्दछ।

(ii) उक्त कवितामा कसको आँसुको श्राप लाग्ने कुरा गरिएको छ ?

(A) धर्मको

(B) कानको

(C) चरीको

(D) हिलोको

(iii) हिलो खेल्यो भने के हुन्छ ?

(A) आँशु बग्दछ।

(B) खराब दाग लाग्छ।

(C) चित्त दुख्छ।

(D) खराब दाग लाग्दैन।

(iv) "छ सुन्नु त्यो विचार रे।" – यहाँ कसको विचार सुन्नु भनिएको हो ?

(A) ईशको।

(B) भावको।

(C) छकाउनेको।

(D) लुकाउनेको।

(v) धर्मको विपरीतार्थक शब्द __________ हो।

(A) पाप।

(B) कुधर्म।

(C) अधर्म।

(D) नधर्म।

**3.** निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प लेख्नुहोस्। *10×1=10*

(i) विशेषण र विशेष्यको मेल हुने समास _____________ हो।

(A) कर्मधारय समास।

(B) अव्ययीभाव समास।

(C) द्वन्द्व समास।

(D) द्विगु समास।

(ii) "लामो कान भएको लमकन्ना, लामो उदर भएको लम्बोदर।" – यो कुन समासको उदाहरण हो ?

(A) तत्पुरुष समास।

(B) बहुव्रीहि समास।

(C) अव्ययीभाव समास।

(D) द्वन्द्व समास।

(iii) व्यधिकरण, नञ्, उपपद र समानाधिकरण : यी कुन समासका प्रकार हुन् ?

(A) द्विगु समास।

(B) द्वन्द्व समास।

(C) तत्पुरुष समास।

(D) कर्मधारय समास।

(iv) कर्मकारकको विभक्ति चिह्न लेख्नुहोस्।

(A) ले।

(B) द्वारा।

(C) देखि।

(D) लाई।

(v) विभक्ति : ____________ ।

(A) र, पनि, तर, तब।

(B) राम, श्याम, गीता, श्वेता।

(C) ले, लाई, देखि, बाट।

(D) प्र, उत्, अप, अनु।

(vi) सम्प्रदान कारक : ____________ ।

(A) छुट्टिनु अर्थ भएको क्रिया।

(B) दिनु अर्थमा प्रयुक्त हुने क्रिया।

(C) कुनै काम गर्ने नाम।

(D) जसमा आधारित छ भन्ने बुझिन्छ।

(vii) पर्यायवाची शब्दलाई ____________ पनि भनिन्छ।

(A) वाक्यसंक्षेप।

(B) समोच्चारित शब्द।

(C) विलोम शब्द।

(D) प्रतिशब्द।

(viii) "अंश-अंस, अविराम-अभिराम, अलिक अलीक." – कस्ता शब्द हुन् ?

(A) भिन्नार्थक शब्द।  (B) एकार्थक शब्द।

(C) विपरीतार्थक शब्द।  (D) वाक्यसङ्क्षेप।

(ix) "रामले हातले भोजन खायो।" यहाँ 'हातले' कुन कारक हो ?

(A) कर्ता कारक।

(B) करण कारक।

(C) सम्बन्ध कारक।

(D) अधिकरण कारक।

(x) कारक : ____________ ।

(A) क्रियाका विभिन्न अवस्था।

(B) पुलिङ्ग र स्त्रीलिङ्ग छुट्याउने शब्द।

(C) नामका विभिन्न अवस्था र रूप।

(D) संज्ञाको सट्टामा आउने शब्द।

## भाग दुई

## (वर्णनात्मक प्रश्नहरू)

**4.** निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) (a) "राम पढ्दैछ।" – यस वाक्यबाट उद्देश्य र विधेय छुट्याउनुहोस्।

(b) "गीता र सीता अत्यन्त मिल्ने साथीहरू हुन्।" – यो वाक्य सरल, संयुक्त र मिश्र वाक्यमध्ये कुन वाक्यमा पर्छ ?

(ii) निम्नलिखित उखानको अर्थ स्पष्ट बनाउनुहोस्।

(a) खाने मुखलाई जुँगाले छेक्दैन।

(b) नाच्न जान्दैन आँगन टेढ़ो।

(iii) निम्नलिखित अकरण वाक्यलाई करण वाक्यमा परिवर्तन गर्नुहोस्।

(a) हामी त्यहाँ गएनौँ।

(b) तिमी असल छैनौ किनभने भनेको मान्दैनौ।

**5.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

(i) 'डा. नानो' कथाका कथाकारद्वयको नाम लेखुहोस् । *2*

(ii) 'परालको आगो' कथामा चामे र गौँथलीको झगड़ा के कारणले भएको थियो ? *2*

(iii) "लोग्नेको काखमा मर्न पाउनु स्वास्नीहरूले आफ्नो भाग्य सम्झिन्छन् । यो वृद्धावस्थामा भए पनि म मेरो सिउँदोको सिन्दुर पुछन चाहन्न ।"
उक्त वाक्य कसले कसलाई भनेको हो ? *2*

(iv) राती हुरी चलेको बेला कालेको बाबुले के-के काम गऱ्यो ? *2*

(v) (a) 'सोझा' निबन्धको मूलभाव के हो ? *3*

**अथवा**

(b) डा. नानोले तयार पारेको भ्रूण विकास केन्द्रमा के कस्ता कार्यहरू हुन्थे ?

(vi) "कोर सल्केको हात, बाबु-आमा राँडा-राँड़ीका आँखा फुटेर कसाईका हातमा सुम्पे ।"
उक्त वाक्य कुन पाठबाट निकालिएको हो र यसका लेखकको नाम के हो ? *3*

**6.** निम्नलिखित कुनै ***चार*** प्रश्नहरूका उत्तर लेख्नुहोस् । *4×3=12*

(i) कविशिरोमणि लेखनाथ पौड्यालले मनबीच दम्भ दुर्भाव छ भने के-के कालो देखिन्छ भनेका छन् ?

(ii) "भित्र छ ईश्वर बाहिर आँखा खोजी हिँड्छौ कुन पुर ? ईश्वर बस्तछ गहिराइमा, सतह बहन्छौ कति दूर ?"
उक्त पंक्तिको आशयलाई स्पष्ट बनाउनुहोस् ।

(iii) 'आकाशका तारा के तारा' कविताले चामे, रामे, हर्के र बोरेको प्रसङ्गबाट के स्पष्ट गर्न खोजेको छ ?

(iv) 'शहीदहरूको सम्झनामा' कवितामा कविले के-केले धिकार्ला भनेर भनेका छन् ?

(v) 'इस् पढ्छु तेरो कविता' कवितामा आजका मानिसलाई कसरी व्यङ्ग्य गरिएको छ ?

**7.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस्।

(i) 'परिबन्ध र प्रायश्चित' कथाका कथाकारको नाम लेख्नुहोस्। *2*

(ii) वरमानको मृत्यु के भएर भएको थियो ? *2*

(iii) 'टोटलाको फूल' सँग शोनामणिलाई किन तुलना गरिएको छ ? *3*

(iv) (a) लक्ष्मीले मोती र उसको भाइसँग बाबाले व्याङ्कमा पैसा राखिदिएका छन् भनेर किन झुटो बोलेकी थिई ? *3*

**अथवा**

(b) 'प्रायश्चित' कथामा रहेकी कमलाले घरमा के-के काम गर्नुपर्थ्यो ?

**8.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै ***दुईवटा प्रश्नका*** उत्तर दिनुहोस्। *2×2=4*

(i) इन्द्रबहादुर राईका कुनै दुई कृतिका नाम लेख्नुहोस्।

(ii) लक्खीदेवी सुन्दासले प्राप्त गरेका कुनै दुई पुरस्कारको नाम लेख्नुहोस्।

(iii) राजेन्द्र भण्डारीका माता र पिताको नाम लेख्नुहोस्।

**9.** तल दिइएका कुनै ***एक*** विषयमा 150 शब्दसम्को चाखलाग्दो निबन्ध लेख्नुहोस्। *1×5=5*

(i) साहित्यकार इन्द्रबहादुर राई।

(ii) पुस्तकालय।

**10.** (a) सेनाको सम्मान गर्नुपर्छ भन्ने विषयमा अवगत गराउँदै आफ्नो साथीलाई एउटा पत्र लेख्नुहोस्। *5*

**अथवा**

(b) हिजोदेखि नै ज्वरो खोकीले ग्रस्त भएको कारण विद्यालयमा उपस्थित हुन नसक्ने जानकारी गराउँदै प्राचार्यलाई एउटा निवेदन-पत्र लेख्नुहोस्।

**11.** निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्। *4×1=4*

(i) You will get through.

(ii) They were reading.

(iii) Bread will be eaten by me.

(iv) There are many books in the almirah.